# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.: ०८१/०८२
सूचना नं.: ९५

मितिः २०८१/०५/२५

## व्यवसाय दर्ता/नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/२५)

पञ्चकन्या गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ मा गाउँपालिका भित्र व्यवसाय सञ्चालन गरेका प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्दछ भन्ने व्यवस्था बमोजिम यस गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै प्रकारका व्यापार, व्यवसाय, वित्तीय संस्था, उद्योग, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने फर्म, व्यक्ति वा कम्पनीले देहायको कागजात संलग्न गरी व्यवसाय दर्ता गरी सञ्चालन गर्नुहुन अनुरोध छ । व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाइएमा कानुन बमोजिम जरिवाना असुल गरी व्यवसाय बन्द गराइने छ । साथै यस गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरुले पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन बमोजिम वार्षिक व्यवसाय कर बुझाई व्यवसाय नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम चालु आ.व. २०८१/०८२ मा नवीकरण गर्न बाँकी व्यवसायहरु यथाशिघ्र नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नयाँ व्यवसाय दर्ताको लागि आवश्यक कागजातहरुः-**

१. कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन,
२. व्यवसाय सञ्चालकको हालसालै खिचेको तीन प्रति फोटो,
३. नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपी,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
५. व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी,
६. अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने सम्बन्धमा जग्गाधनीको मञ्जुरीनामा वा भाडामा बसेको भए जग्गा भाडा-सम्झौता पत्र,
७. व्यवसाय रहने स्थानको कित्ताको चार किल्ला प्रमाणित,
८. उद्योग, हार्डवयर, कृषि तथा पशुपालन फर्म, मासु पसल, कखुरा फर्म, वर्कसप, कुटानी पिसानी मिल, होटल, खाजा घर, इट्टा भट्टा, आवाज (ध्वनी) सँग सम्बन्धित व्यवसायको हकमा वडा कार्यालयको रोहवरमा संधियारको मञ्जुरीनामा,
९. अन्य निकायमा दर्ता भई यस गाउँपालिकामा सञ्चालनमा रहेको व्यवसायको हकमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी,

**व्यवसाय नविकरणको लागि आवश्यक कागजातहरुः-**

१. व्यवसाय नवीकरण गरिपाउँ भन्ने व्यहोराको गाउँपालिकाले तोकेको ढाँचाको निवेदन,
२. व्यवसाय दर्ता प्रमाणपत्र,
३. व्यवसाय सञ्चालकको नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणपत्र,
४. व्यवसाय कर तिरेको रसिद/भौचर

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत